# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ भक्तपुर, बैशाख २९ गते, २०८० साल संख्या ३

**भाग १**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको तेऱ्हौं नगर सभा २०७९ बाट पारित भएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्वत् २०८० सालको निर्देशिका**

## भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूलाई दिईने पोशाक सुविधा सम्बन्धी निर्देशिका, २०७९

प्रस्तावना :

भक्तपुर नगरपालिकामा स्थानीय निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूबीच पोशाकमा एकरूपता र समानता कायम गर्न वाञ्छित स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र भक्तपुर नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ५ को अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूलाई दिईने पोशाक सुविधा सम्बन्धी निर्देशिका, २०७९ पारित गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र परिभाषा :**

१.१. संक्षिप्त नाम : यो निर्देशिकाको नाम "भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूलाई दिईने पोशाक सुविधा सम्बन्धी निर्देशिका, २०७९" रहनेछ ।

१.२. "प्रमुख" भन्नाले भक्तपुर नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

१.३. "नगरपालिका" भन्नाले भक्तपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

१.४. "कार्यपालिका" भन्नाले भक्तपुर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

१.५. "जनप्रतिनिधि" भन्नाले स्थानीय तहको निर्वाचिनबाट निर्वाचित भक्तपुर नगरपालिकाकाका जनप्रतिनिधिहरूलाई सम्झनु पर्दछ ।

१.६. "पोशाक सुविधा" भन्नाले स्थानीय तहको निर्वाचिनबाट निर्वाचित भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूलाई दिईने पोशाक सुविधालाई सम्झनु पर्दछ ।

१.७. "आर्थिक प्रशासन शाखा" भन्नाले भक्तपुर नगरपालिकाको आर्थिक प्रशासन शाखालाई सम्झनु पर्दछ ।

**२. पोशाक सुविधा सम्बन्धी व्यवस्था :**

२.१. भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूलाई कार्यकाल अवधिमा बढीमा दुई पटक पोशाक सुविधा दिईनेछ ।

२.२. उपदफा २.१. बमोजिमको पोशाक सुविधा कार्यपालिकाबाट अनुमोदन भएपछि मात्र दिईनेछ ।

२.३. पोशाकको रंग, गुणस्तर, डिजाइन सम्बन्धमा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३. यो निर्देशिकामा कुनै संशोधन गर्नु परेमा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाले गर्नेछ ।

**आज्ञाले**
**(राम गोविन्द श्रेष्ठ)**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०७९।११।३० गते**

**मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८**